# तातोपानी गाउँपालिका
# जुम्ला

| |
|---|
| **स्थानीय राजपत्र** |
| **खण्ड : ७ सङ्ख्या : ९ मिति : माघ २९, २०८०** |
| **भाग - २** |
| **तातोपानी गाउँपालिका ,जुम्ला** |
| स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तातोपानी गाउँपालिका ,गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागी यो राजपत्र प्रकाशन गरीएको छ। |
| **स्थानीय तह युवा विकास समिति नियमावली, २०८०** |
| गाउँसभाबाट पारित मितिः२०८०।१०।२५ गते |
| प्रमाणिकरण मितिः २०८०।१०।२९ गते |

अध्यक्ष

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिंजाकोट, जुम्ला कर्णाली प्रदेश, नेपाल २०७४

## तातोपानी गाउँपालिकाको
## स्थानीय तह युवा विकास समिति नियमावली, २०८०

**गाउँसभाबाट पारित मिति: २०८०।१०।२५ गते**
**प्रमाणिकरण मिति: २०८०।१०।२९ गते**

**प्रस्तावना:**

युवाको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका साथै शिक्षा, सीप, उद्यमशीलता र रोजगारीलाई प्रबर्द्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत स्थानीय तह निर्माणका लागि युवासम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरुको सार्थक सहभागिता वृद्धि गरी विकासमा मूलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले,तातोपानी गाउपालिकाको प्रशासकिय कार्यविधि को२०७४ (नियमित गर्ने)ऐन ३ ले दिएको अधिकार प्रयोग गरि तातोपानी गाउँपालिकाको मिति २०८०।१०२५ गते को गाउँ सभाको निर्णयवाट यो नियमावलि जारी गरिएको छ।

### परिच्छेद१ -
### प्रारम्भिक

१ .**संक्षिप्त नाम र प्रारम्भ** " यस नियमावलीको नाम (१) :तातोपानी गाउपालिकाको स्थानीय तह युवा विकास समिति नियमावली, २०८०" रहेको छ।

२ यो नियमावली गाउँसभाबाट स्वीकृत भइ स्थानिय राजपत्रमा प्रकाशन भए पछिलागु हुनेछ।

२ .**परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले तातोपानी गाउपालिकामा रहने स्थानीय तह युवा विकास समितिको अध्यक्ष सम्झनुपर्छ।

ख) "उपाध्यक्ष" भन्नाले तातोपानी गाउँपालिकामा रहने स्थानीय तह युवा विकास समितिको उपाध्यक्ष सम्झनुपर्छ।

(ग) तोकिएको" वा "तोकिए बमोजिमभन्नाले यस नियमावली र अन्तर्गत बनेको विनियम ", निर्देशिका, कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले नियम ३ बमोजिम स्थापना भएको तातोपानी गाउपालिकाको स्थानीय तह युवा विकास समिति सम्झनुपर्छ।

ङ) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरेबमोजिमका व्यक्ति सम्झनुपर्छ।

(च) "विशेष समुदायको युवा" भन्नाले द्वन्द पीडित, जोखिममा परेका, दलित, दुर्गम तथा गरिबीको रेखामुनि रहेका, अपाङ्गता भएका वा सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा सम्झनुपर्छ।



अध्यक्ष

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिताकोट,जुम्ला कर्णाली प्रदेश,नेपाल २०७३

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्यसचिव समेतलाई जनाउँछ।

ज ) "क्लब " भन्नाले गाउँ पालिका भित्रका टोल वा वडामा गठन हुने युवा क्लबलाई जनाउने छ।

### परिच्छेद – २
### समितिको गठन, काम, कर्तव्य र अधिकार

३. (१) : समितिको गठन .तातोपानी गाउपालिकामा स्थानीय तह युवा विकास समितिको गठन देहायबमोजिम हुनेछ-:

(क) गाउँपालिका प्रमुख- अध्यक्ष

(ख ) गाउँकार्यपालिकाले मनोनयन गरेको युवा- उपाध्यक्ष

(ग ) समितिले मनोनित गरेका सामाजिक क्षेत्रका एक जना महिलासमेत दुई जना युवा- सदस्य

(घ) वडा युवा क्लबबाट समितिले मनोनित गरेको एक जना महिलासमेत दुई जना ( –सदस्य

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमूख- सदस्यसचिव

२. मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

३ नियम ३ को उपनियम १ खण्ड ख बमोजिम नियुक्त हुने ब्यक्ति युवाको हक हित संरक्षण सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका प्रतिष्ठित युवामध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नु पर्नेछ । तातोपानी गाउँपालिका क्षेत्रभित्र स्नातक तह उत्तीर्ण युवा नपाइएमा कक्षा १२ उत्तीर्ण गरेको युवालाई मनोनयन गर्न सकिनेछ।

४ नियम ३ को उपनियम १ खण्ड ग बमोजिम मनोनित सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ उत्तीर्ण भएको हुनुपर्नेछ। तातोपानी गाउँपालिका क्षेत्रभित्र कक्षा १२ उत्तिर्ण नपाइएमा आधारभुत शिक्षा उत्तीर्ण गरेको युवालाई मनोनयन गर्न सकिनेछ ।

४ **समितिको काम, कर्तव्य र अधिकार :** यस नियममा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क ) युवा सम्बन्धी दीर्घकालिन नीती तर्जुमा गरी स्थानीय सरकार समक्ष सिफारिस गर्ने।

ख) स्थानीय सरकारको स्वीकृत नीतीको अधिनमा रही युवा सम्बन्धि योजना तथा कार्यक्रम बनाई लागु गर्ने।

ग) समितिसँग आवद्धता प्राप्त गर्ने संघ संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने।



अध्यक्ष

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिताकोट,जुम्ला कर्णाली प्रदेश,नेपाल २०७३

घविकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने -सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

ङ -युवालाई स्थानीय तहतथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

च) समितिको वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सुझाव दिने,

ज) स्थानीय स्तरमा युवा जागरण , सशक्तिकरण र परिचालन गर्ने,

झ) स्थानीय स्तरमा युवा सिप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने,

ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषदसँग समन्वय सहकार्य गर्ने,

ट -तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

**५ : समितिको बैठक र निर्णय .**

१) समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ ।

२) समितिको बैठक अध्यक्षको निर्देशनमा तोकेको मिति समय र स्थानमा बस्नेछ ।

३) समितिको बैठकमा छलफल हुने विषय कार्यसुची सहितको सूचना समितिंका सदस्यहरुलाई समितिको बैठक बस्नु भन्दा चौविस घण्टा अगावै सदस्य सचिवले उपलब्ध गराउनु पर्नेछ ।

४) समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) समितिको बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राख्नेछ ।

८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिने छ ।

९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

अध्यक्ष



परिच्छेद- ३

**६. युवा क्लबको गठन**

१) तातोपानी गाउपालिकाको प्रत्येक वडामा सम्बन्धित वडाको वडा अध्यक्षको संरक्षकत्वमा युवाक्लब गठन हुनेछ ।

२) उपनियम १ बमोजिम गठन हुने युवाक्लवमा सम्बन्धित वडाभित्रका युवा उमेर समुहका २४ वर्ष सम्मका सम्पुर्ण युवाहरु युवाक्लवका साधारण सदस्य हुन सक्नेछन ।

३) वडामा गठन हुने वडास्तरीय युवाक्लबको एक कार्यसमिति रहनेछ ।

४) युवाक्लबका सदस्यहरुले कार्य समितिका अध्यक्ष , उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफूहरुमध्येबाट छनौट गर्नेछन् । पाँचजना सदस्यसहित नौ जनाको कार्यसमितिमा कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

५) वडा समितिले यस सम्बन्धि थप कार्यविधी निर्माण गरि युवा क्लबका सदस्य चयन गरि लागु गर्न सक्नेछ

६. युवाक्लवका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।

७) वडास्तरीय युवाक्लवको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

८) प्रत्येक टोलमा ५० जना युवा सम्मको टोल युवा क्लब गठन हुनेछ ।टोल युवा क्लबबाट वडा युवाक्लब गठन हुनेछ ।

**७. युवाक्लबको काम, कर्तव्य र अधिकार**

(१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(२) गाउपालिका सँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

(३) गाउपालिकामा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, बालअधिकार, मानव अधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम, लागु औषधविरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

(४) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति, गाउपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(५) राष्ट्रिय युवा परिषद र मातहतका निकायहरुमार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

अध्यक्ष

(६) दिगो विकासका लक्ष्यहरुलाई आ आफ्नो क्षेत्रमा स्थानीकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिता साथ नेतृत्वदायी भूमिका खेल्ने।

(७) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने।

(८) राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद् र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षित कार्यक्रमहरु सञ्चालन गर्ने।

(९) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने।

(१०) वडास्तरमा युवा तथ्याङ्क व्यवस्थापन गर्ने।

## परिच्छेद४ -
## समितिसँग आवद्धता र कार्यक्रम सञ्चालन

**युवा सम्बन्धी संघ ., संस्थालाई आवद्धता प्रदान गर्ने:**

१. युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका तातोपानी गाउँपालिका क्षेत्रभित्र काम गर्न चाहने संघ संस्था समितिमा आबद्ध हुनु पर्नेछ

तर, राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषदमा आवद्ध भइसकेका संघसंस्थाको हकमा यो उपनियम लागू हुने छैन।

२. आवद्धताका लागि तपसील बमोजिमको विवरण खुलाई समितिसमक्ष अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

३. उपनियम बमोजिम निवेदन दिदा सम्बन्धित संघ वा संस्थाको विधान २ प्रति सम्लग्न गर्नु पर्नेछ।

४. उपनियम २ बमोजिम संघ संस्थाको प्राप्त निवेदन उपयुक्त देखिएमा समितिले तोके बमोजिमको दस्तुर लिई अनुसुची २ बमोजिमको ढाँचाको आवद्धता प्रमाण पत्र दिईनेछ।

५. उपनियम (४) बमोजिम आवद्धता भएका संघसंस्थाले तोके बमोजिमको दस्तुर बुझाई प्रत्येक बर्ष नवीकरण गर्नु पर्नेछ।

६. उपनियम ४ बमोजिम आवद्धता भएका संघसंस्थाबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र समिति समक्ष पेश गर्नु पर्नेछ।

अध्यक्ष



तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जिताकोट, जुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

७. प्रचलित कानून विपरित कार्य गरेको पाइएमा, आवद्धता नवीकरण नगरेमा, लगातार दुई आर्थिक वर्षसम्म प्रतिवेदन नबुझाएमा, उद्देश्य बमोजिम कार्य नगरेमा संघसंस्थाको आवद्धता नवीकरण तथा आवद्धता रद्द गर्न सकिनेछ।

८. समितिमा आवद्ध संघ संस्था ले युवा सम्बन्धि कार्यक्रम सञ्चालन सहायता लिदाँ वा दिदाँ समितिको पुर्व स्वीकृती लिनु पर्नेछ।

## परिच्छेद ५
## सचिवालय तथा लेखा व्यवस्थापन

९ .**समितिको सचिवालय** (१) :तातोपानी गाउपालिकामा संघीय सरकारबाट स्वीकृत संगठन संरचनाअनुसार युवासम्बन्धी विषय हेर्ने एकाइले समितिको सचिवालयको काम गर्नेछ।

१० समितिले आफ्नो आय व्ययको लेखा र लेखा परीक्षण (१) : लेखा र लेखापरीक्षण .तातोपानी गाउपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

## परिच्छेद ६-
## विविध

**११. भाग लिन नहुने:** समितिको कुनै सदस्य वा पदाधिकारीले समितिको ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन।

**१२.उपसमिति वा कार्यदल गठन गर्न सक्ने :**

१. समितिले यो नियम वा यस नियमअन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

२. उपनियमबमोजिम गठित उपसमिति वा कार्यदलको काम , कर्तव्य र अधिकार तथा कार्यविधि सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत समितिले तोकेबमोजिम हुनेछ।

१३ .**सेवा सुविधा तथा बैठक भत्ता** समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य, तथा नियम १२ बमोजिमको उपसमिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत गाउँपालिकाको आर्थिक कार्यविधि बमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउनेछन्।

**१४.वार्षिक प्रतिवेदन :**

अध्यक्ष



तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जिताकोट, जुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

१. समितिबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रगती प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र तातोपानी गाउकार्यपालिका र जिल्ला युवा समन्वय एकाइ समक्ष पेश गर्नु पर्नेछ।

२. उपनियम १ बमोजिम वार्षिक प्रतिवेदनमा युवाको मुद्धा, समस्या र चुनौती तथा सोको समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ।

३. समितिले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धी एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ।

**१५ .निर्देशन दिन सक्ने :**

१. गाउँपालिका र जिल्ला युवा समन्वय एकाइले समितिको काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछन्।

२. उपनियम १ बमोजिम दिइएको निर्देशन, समन्वय र सहजीकरणको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**१६ .अधिकार प्रत्यायोजन** समितिले यो नियमावलि बमोजिम आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यक्ता अनुसार केही अधिकार समिति अध्यक्ष उपाध्यक्ष कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१७ .शपथ:** समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची ३बमोजिम शपथ लिनु पर्नेछ।

**१८ .सहयोग गर्नु पर्ने:** समितिको काम कारबाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**१९ .समितिको विघटन** समितिले यसनियमको उद्देश्य बमोजिम काम गर्न नसकेमा गाउकार्यपालिकाले जुनसुकै बखत समिति विघटन गर्न सक्नेछ।

**२० .सम्पर्क राख्ने :** समितिले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा तातोपानी गाउकार्यपालिका मार्फत राख्नु पर्नेछ।



अध्यक्ष

**२१ .विनियम बनाउने अधिकार** समितिले यो नियमावलीको अधिनमा रही आवश्यक विनियम निर्देशिका कार्यविधी बनाउन सक्नेछ । आर्थिक ब्ययभार पर्ने विनियम बनाउँदा समितिले कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ।

**श्री तातोपानी गाउपालिका**

**अनुसूची – १**

**(नियम ८ को उप नियम (सँग सम्बन्धित (२)**

**संस्थाहरूको आवद्धताका लागि दिइने निवेदनको ढाँचा**

मिति -:

**श्री तातोपानी गाउपालिका**
**युवा विकास समिति..............।**

**विषय: आवद्ध हुन पाऊँ। -**

तातोपानी गाउपालिका युवा विकास समिति नियमावली ........... को नियम ८ को उपनियम (२) बमोजिम समितिसँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु। समितिसँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छु।

१. सङ्घ् वा संस्थाको नाम :

२. सङ्घ वा संस्थाको ठेगाना (क) :गाउपालिका : ................(खः जिल्ला (................
गफोन नम्वर ( ............... (घ.फ्याक्स न (................(ङइमेल ( ................
(च: वेभसाईट .................)

३. सङ्घ वा संस्थाको उदेश्य :
(क(
(ख(
(ग(
(घ(

४. सङ्घ् वा संस्थाको नवीकरण बहाल रहने अवधि :



अध्यक्ष

५. सङ्घ वा संस्थाको कार्य समितिका सदस्यहरुको नाम र ठेगाना :

(क(

(ख(

(ग)

(घ(

(ङ(

६. संलंलग्न कागजातहरु :

(क: सङ्घ वा संस्था दर्ताको प्रमाणपत्र (

(ख: निवेदक सङ्घ वा संस्थाको विधानको प्रतिलिपि (

(ग पछिल्लो आर्थिक वर्षको लेखा (परीक्षण प्रतिवेदन :

(घसङ्घ वा संस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको ( : निर्णयको प्रतिलिपि

संस्थाको छाप :

निवेदकको -:

नाम, थर :

ठेगाना:

दस्तखत :

पद :

सङ्घ वा संस्थाको नाम :

ठेगाना :

अध्यक्ष



अनुसूची – २

**( नियम ८ को उपनियम(सँग सम्बन्धित (४)**

**समितिसँग आवद्धताको प्रमाणपत्रको ढाँचा**

समितिसँग आवद्ध हुन पाऊँ भनी ............................................... (संघ वा संस्थाको नाम र ठेगानाले (मिति ........................ मा दिएको निवेदन उपर कारवाही हुँदा समितिको मिति ........................ को निर्णयानुसार त्यस संघ वा संस्थालाई तातोपानी गाउपालिका युवा विकास समिति नियमावली, २०....... को नियम ८ को उपनियम पत्र -बमोजिम समितिसँग आवद्ध गरी यो प्रमाण (४) प्रदान गरिएको छ ।

१. आवद्धता नम्बरः

२. आवद्धता कायम रहने अवधि यो आवद्धताको : :नवीकरण गराएको अवस्थामा वाहेक मिति ................... सम्म कायमरहनेछ ।

प्रमाणपत्र जारी गर्ने अधिकारीको- समितिको छाप

नाम, थर -:

पद -:

मिति -:

पछाडीपट्टी नवकिरण सम्बन्धी विवरण

| सि .नं . | नवीकरण गर्नेकर्मचारीको दर्जा नामथर | दस्तखत | जारी मिति | अवधि |
|---|---|---|---|---|
| | | | | |

अध्यक्ष